क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः २१६, २०८२ माघ ०२ गते शुक्रबार (16 Jan., 2026) -मूल्यः रु. १०।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्बाचनको माध्यमबाट शासन व्यवस्थालाई बैधता प्रदान गरौं।
- असल, बिवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## न्यायको खोजीमा सात वर्ष, स्टाटस लेखेर जीवनको अन्त्य

**-पश्चिम नेपाल संवाददाता**
**अछाम, ०१ माघ**

निरन्तर ७ वर्षदेखि अदालतको ढोका ढकढक्याइरहेकी एक महिलाले न्याय नपाएको भन्दै सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेर आत्महत्या गर्न वाध्य भएकी छिन् ।

यो कथा हो, अछामको पञ्चदेवल विनायक नगरपालिका-९ कालेकाँडाकी ३८ वर्षीया जानकी धमलाको । उनी ७ वर्षदेखि निरन्तर प्रहरी, अदालतमा पुगेर न्यायको ढोका ढकढक्याइरहेकी थिइन् । घटनाअघि जानकीले सामाजिक सञ्जालमा आफूले भोगेको यातनाबारे पनि लामो स्ट्याटस लेखेकी छन् । उनले स्ट्याटसमा लेखेकी छन्, 'म माइतमा गएर बसेकी थिएँ । तेरो जिम्मा म छु भनेर (ससुराले) ल्याएका हुन् । ... मेरा लागि कानुन पनि भएन । कोही पनि भएन ।' उनले परिवारको निरन्तर अस्वीकार, सामाजिक बहिष्कार र मानसिक थकानको भार थेग्न नसकेर जीवन नै समाप्त गरेको लेखेकी छन् ।

जानकीले निरन्तर अन्याय, कुटपिट र अपमान सहनु परेको, छोराछोरीबाट टाढा पारिएको पीडा र कानुनप्रतिको निराशा व्यक्त गरेकी छन् । छोरीको जन्मदिनमा आमाको हैसियतले एक झलक मात्र हेर्ने चाहना राखेकी थिइन् । तर त्यो चाहना पूरा गर्न नपाई उनले धर्ती छाडिन् ।



उनका श्रीमान् चन्द्र धमला रोजगारीको सिलसिलामा भारतमा बस्थे । उनले भारतमा दोस्रो बिहे गरेको चाल जानकीले ७ वर्षअघि नै पाइन् । आफूलाई थाहै नदिएर दोस्रो बिहे गरेको सुइँको पाएपछि उनी सदरमुकाम मंगलसेन पुगिन् । श्रीमान् दोस्रो विवाह गरेपछि सुरु भएको उनको संघर्ष ७ वर्षसम्म अदालत, समाज र राज्यका निकायबीच अल्झिरह्यो । वडा कार्यालय, स्थानीय न्यायिक समिति, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत र उच्च अदालतसम्म उनी धाइरहिन् । जानकीका सहोदर काका कमलबजार नगरपालिका-५ का वडाध्यक्ष सत्यराज तिमिल्सेनाका अनुसार करिब तीन वर्षअघि बहुविवाहसम्बन्धी मुद्दा अछाम जिल्ला अदालतमा दर्ता भयो । अदालतले प्रमाण नपुगेको ठहर गर्दै जानकीको विपक्षमा फैसला गर्‍यो । यही फैसलासँगै उनको मनोबल कमजोर हुँदै गएको काका सत्यराजले बताए ।

'समाजमा उल्टै उनीमाथि प्रश्न उठ्न थाल्यो । घर भाँड्ने, अड्डा अदालत धाएर श्रीमान्लाई दुःख दिने भनेर जानकीमाथि उनकै घरका मान्छेले आरोप लगाएका थिए,' उनले भने, 'छोराले जे गरे पनि बुहारीले चुपचाप सहनुपर्छ भनेर मानसिक रूपमा तनाव दिएको कुरा उनले माइतमा सधैं सुनाउँथिन् ।'

श्रीमान्रु ७ वर्षअघि बहुविवाह गरेको थाहा पाएपछि उनी प्रहरी र अदालतसम्म पुगेकी थिइन् । 'माइती पक्षबाट हामीले पनि साथ दिइर हेका थियौं । विवाहित छोरी माइतमा धेरै बसेको राम्रो हुँदैन । माइतीको बेइज्जत हुन्छ भनेर उनी श्रीमान्कै घरमा बस्न चाहन्थिन्,' सत्यराजले भने, 'उनको श्रीमान् भारतमा बस्ने, बीचबीचमा आएर

-बाँकी समाचार पृष्ठ २ मा

## नेपाल एकीकरणकालीन चौतारो सेनाद्वारा पुनर्निर्माण



**-पश्चिम नेपाल संवाददाता**
**बैतडी, ०१ माघ**

नेपाली सेनाले दशरथचन्द नगरपालिका-४ देवलहाटमा रहेको ऐतिहासिक महत्व बोकेको पिपल चौतारोलाई पुनर्निर्माण गरी स्थानीयलाई हस्तान्तरण गरेको छ । सेनाको बैतडीस्थित श्रीबक्स गुल्मले नेपाल एकीकरणकालीन इतिहास बोकेको पिपल चौतारो पुनर्निर्माण सँगै चौतारोमा रहेको शिलालेखलाई व्यवस्थित गरी स्थानीयलाई हस्तान्तरण गरेको हो ।

देवलहाटमा रहेको ऐतिहासिक चौतारो सेनाको शीघ्र प्रभावी योजना अन्तर्गत पुनःनिर्माण गरिएको श्रीबक्स गुल्मका गुल्मपति सफल थापाले बताए । 'ऐतिहासिक चौतारोनजिकै रहेको बामुनी आमा मन्दिर जाने बाटो पनि निर्माण गरेका छौं,' उनले भने, 'यस्ता ऐतिहासिक महत्व बोकेका सम्पदाको संरक्षण गर्न सेना सधै तत्पर रहन्छ ।'

६ लाख ९९ हजार ४ सय रुपैयाँ खर्चमा चौतारो र प्रवेशद्वारको गेटसहित एक मिटर चौडा र १०४ मिटर लामो बाटो निर्माण गरिएको उनले बताए । नेपाल एकीकरणको समयमा भारतको अल्मोडाबाट ४५ किलोमिटर उत्तरतर्फ गणनाथ मन्दिर नजिक अंग्रेजसँगको लडाइँमा सहादत प्राप्त गरेका हस्तिदल शाह र उनका छोरा नन्दुको काजकिरिया यसै पिपलको रुखमूनि गरिएको यहाँ रहेको शिलालेखमा उल्लेख गरिएको छ । साके सम्वत १७३७ मा हस्तिदल शाह र उनका छोराले विरगति प्राप्त गरेपछि उनकी श्रीमती सती गएकी थिइन् । महाकाली नदीमा दाहसंस्कार, गरिएका उनीहरुको काजकिरिया यसै पिपलमूनिको चौतारोमा गरिएको शिलालेखमा उल्लेख छ । यस्तो ऐतिहासिक महत्व बोकेको शिलासहितको चौतारो भएकाले नेपाली सेनाले पुनर्निर्माण गरेको गुल्मपति थापाले बताए ।

सेनाले स्थानीयको आग्रह अनुसार जीर्ण चौतारो र बामुनीआमा मन्दिर जाने बाटो निर्माण गरिदिएको हो । स्थानीयको आग्रह स्वीकार गर्दै सेनाले छोटो समयमा पुनर्निर्माण गरी हस्तान्तरण गर्दा खुसी लागेको स्थानीय ईश्वरीदत्त भट्टले बताए । 'यो चौतारो ऐतिहासिक महत्त्कोसँगै सडक पुग्नुभन्दा पहिले नुनतेलका लागि बझाङ, बाजुरा, अछाम, दैलेख, कालीकोटसम्मका बटुवाको समेत विश्रामस्थल थियो,' उनले भने, 'सेनाले निर्माण गरिदिएपछि यो चौतारोको महत्व अगामी पुस्ताले समेत बुझ्दै जानेछन् ।' पश्चिमी क्षेत्रमा बहादुर शाहाका सेनासँग लामो लडाइँ लड्ने राजाका रुपमा परिचित झुली चन्दले राज गरेको कुल्लेकोट समेत यसै पिपल चौतारो नजिकै छ । पौराणिक महत्व बोकेका सप्तदेवल समेत रहेको देवलहाट क्षेत्रमा पछिल्लो समय पर्यटक समेत आउन थालेका छन् ।




Wi-Fi Nepal
स्पीड पनि, सस्तो पनि

**वाइफाई नेपाल प्रालिको**
**कर्मचारी आवश्यकता सम्बन्धि सूचना**

यस वाइफाई नेपाल प्रालिलाई तपशिल बमोजिमका कर्मचारी आवश्यकता परेकोले ईच्छुक नेपाली नागरिकले सम्पर्क गर्नहुन सुचित गरिन्छ ।
तपशिल :
पद : बिक्री प्रतिनिधि (Seles Representative)
योग्यता : एस.इ.ई वा सोसरह
तलब स्केल : रू. १८,५००।+(SSF)+मोटरसाईकल मर्मत+पेट्रोल सुविधा
नोट : मोटरसाईकल आफ्नै हुनेलाई बिशेष ग्राह्यता दिईनेछ ।

**सम्पर्क :**
**वाइफाई नेपाल प्रालि, शाखा कार्यालय, महेन्द्रनगर, कञ्चनपुर**
मो.९८०२३७००४०, Email : awasthinra@gmail.com



**महेन्द्रनगरमा सुपथ मुल्यमा स्वादिलो खाना र आरामदायी बसाईका लागि हामीलाई सम्झनुहोस् !**
**रारा होटल एण्ड लज, गल्ली नं. ४ फोन नं. ९८०९४४९४७७४**

# प्रदेश सरकारका दुई दर्जन सडक योजना अलपत्र

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ०१ माघ**

कञ्चनपुरका विभिन्न पालिकामा सुदूरपश्चिम प्रदेश सरकारले बजेट विनियोजन गरेका सडक पूर्वाधार योजना अलपत्र परेका छन् । निर्माण कम्पनीको बेवास्ताका कारण पूर्वाधार विकास कार्यालय कञ्चनपुरबाट ठेक्का सम्झौता भएका सुदूरपश्चिम प्रदेश सरकारका सडक योजनाहरू विगत आठ वर्षदेखि अलपत्र अवस्थामा छन् । आर्थिक वर्ष २०७४ मा सम्झौता भएका दुई दर्जनभन्दा बढी सडक अझै अधुरा छन् ।

कञ्चनपुरको बेदकोट नगरपालिकास्थित पूर्व-पश्चिम राजमार्गको दैजीदेखि डडेल्धुरा जिल्लाको सिमाना लिप्नासम्म १२ किलोमिटर सडक निर्माणका लागि नौ वर्षअघि ठेक्का सम्झौता भए पनि हालसम्म पाँच किलोमिटर सडक मात्रै कालोपत्र भएको छ । २०७४ वैशाख ८ गते नार्गाजुन कन्स्ट्रक्सनसँग २१ करोड २६ लाख ५३ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

ठेक्का सम्झौताअनुसार २०७६ साउन ५ गते निर्माण सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म सडक निर्माणले पूर्णता पाउन सकेको छैन । पूर्वाधार विकास कार्यालय महेन्द्रनगरले पछिल्लो पाँचौं पटक २०८२ असार २० गते निर्माण सम्पन्न गर्ने गरी म्याद थप गरे पनि उक्त अवधिमा समेत सडक निर्माण हुन सकेन । कार्यालयका अनुसार निर्माण व्यवसायीले समयमा काम नगर्दा योजना सम्पन्न हुन नसकेको हो । त्यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा ठेक्का सम्झौता भएको बंक पहरिया-दोमिल्ला सडक योजना पनि अलपत्र छ । सात किलोमिटर सडक कालोपत्र गर्न ८ करोड २८ लाख ५६ हजार ३०७ रुपैयाँमा सम्झौता भए पनि निर्माण व्यवसायीले समयमा काम नगर्दा सडक अलपत्र अवस्थामा छ ।आर्थिक वर्ष २०७६/०७७ मै सन्तोषी-थेगिम जेभीसँग १३ करोड ३६ लाख रुपैयाँमा सडक कालोपत्रका लागि ठेक्का सम्झौता भए पनि हालसम्म निर्माण सम्पन्न हुन सकेको छैन । उक्त सडकका लागि पटक-पटक म्याद थप भए पनि काम पूरा हुन सकेको छैन ।

पूर्वाधार विकास कार्यालय कञ्चनपुरबाट ठेक्का सम्झौता भएका जिल्लाका नौ वटै स्थानीय तहमा सडक कालोपत्रेदेखि सडक मर्मतसम्बन्धी स-साना दुई दर्जन योजना अलपत्र परेका छन् । आर्थिक वर्ष २०७६/०७७ मा ठेक्का सम्झौता भएका यी योजना हालसम्म निर्माण सम्पन्न हुन सकेका छैनन् । डेढदेखि दुई करोड रुपैयाँसम्मका ठेक्का सम्झौता भएका २४ वटा सडक सुधार योजना समयमा सम्पन्न नहुँदा स्थानीयवासी समस्यामा परेका छन् । निर्माण व्यवसायीले समयमा काम नगर्दा निर्माण कार्य अलपत्र परेको पूर्वाधार विकास कार्यालय कञ्चनपुरले जनाएको छ । कार्यालयका प्रमुख पदम मडैले समयमा निर्माण कार्य पूरा गर्न निर्माण पक्षलाई ताकेता गरिरहेको बताए । "ठेक्का लिएर काम नगर्ने प्रवृत्तिले विकास निर्माणका काम प्रभावित भएका छन्," उनले भने, "अब अटेरी गर्ने निर्माण व्यवसायीविरुद्ध कानुनबमोजिम प्रक्रिया अघि बढाइनेछ ।"

# न्यायको खोजीमा सात वर्ष...

कुटपिट गरेर जाने रहेछन् । परिवारले पनि शारीरिक र मानसिक यातना दिएको कुरा माइतमा सुनाउँथिन् ।' पीडा भोगिरहेका बेला उनका परि वार, आफन्त र स्थानीय जनप्रतिनिधिसमेत श्रीमान्को पक्षमा उभिए । श्रीमान् दोस्रो बिहे गरेको होइन भनेर तत्कालीन वडाध्यक्ष रामबहादुर शाहीले प्रहरी अगाडि बोलेको स्वीकारे ।

'घरको विषयमा मुद्दा मामिला गर्नु हुँदैन । गाउँमै मिलाउनुपर्छ भनेर बोलेको हुँ । त्यतिबेला चन्द्र (जानकीको श्रीमान) ले अर्को बिहे गरेको थिएन जस्तो लाग्छ । मुद्दा अदालतसम्म जानु हुँदैन भनेर मिलाउन खोजेको मात्र हुँ,' उनले भने ।

जानकीलाई भने न्याय खोज्ने होइन, 'घर बिगार्ने' महिलाको रूपमा आरोप लाग्न थाले । अदालतको फैसलाले मात्र होइन, समाजको व्यवहारले पनि उनी एक्लिइन् । जानकीका २ छोरा र १ छोरी छन् । अदालतको फैसलापछि उनका श्रीमान् र परिवारले छोराछोरीलाई जानकीको सम्पर्कमा आउन दिएनन् । उनी झन् एक्ली हुँदै गइन् । उच्च अदालतले जिल्ला अदालतको फैसला उल्ट्याउँदै बहुविवाह भएको ठहर गर्‍यो । उनका श्रीमान् चन्द्र र उनकी कान्छी श्रीमतीलाई एक वर्ष कैद सजाय सुनायो । फौजदारी संहिता कार्यविधि-२०७४ को दफा १५५ प्रयोग गर्दै सजाय बराबरको रकम तिरेपछि श्रीमान् जेल नबसी बाहिरिए । कानुनी रूपमा सजाय पूरा भएको मानियो । तर यही दिनदेखि जानकीको जीवन झन् असुरक्षित बन्दै गयो ।

निरन्तर पारिवारिक दबाब, धम्की र बहिष्कारका कारण जानकी धेरै पटक मंगलसेनस्थित सेफ हाउसमा पीडितको रूपमा बस्न थालेकी थिइन् । सेफ हाउसमा बस्दाबस्दै उनले सिलाइकटाइ पनि सिकेकी थिइन् । उनलाई मनोपरामर्श पनि सेफ हाउसबाट दिइँदै आएको थियो । नजिकका आफन्त र समाजबाट साथ नपाउँदा उनी राज्यको अस्थायी संरक्षणमै जीवन गुजार्नुपर्ने अवस्थामा पुगिन् ।

सुरक्षित आवास गृह मंगलसेनका अनुसार मनोबल बढाउन उनलाई मनोपरामर्श पनि दिइयो । तर परिवार र समाजको पूर्ण व्यवहारले उनको शारीरिक र मानसिक अवस्था कमजोर बन्दै गयो । त्यहीबेला छोराछोरीबाट समेत टाढा बनाइयो । त्यसले उनलाई थप आघात पुर्‍यायो ।

उच्च अदालतको फैसलापछि जेलमा बसेर बाहिरिएका श्रीमान्रुले सम्बन्धविच्छेदको मुद्दा दायर गरे । प्रेम विवाह गरेकी जानकी सम्बन्धविच्छेदको पक्षमा थिइनन् । बरु श्रीमान्को माया र परिवार को साथ खोजिरहेकी थिइन् । तर श्रीमान्रुले उनीसँग कुनै सरोकार राखेनन् र उल्टो सम्बन्धविच्छेदको मुद्दा दर्ता दायर गरेको जानकीका काका सत्यराजले बताए ।

'उनलाई छोराछोरीसँग भेटघाट गर्न रोक लगाइयो । आमाको भूमिकाबाट व्यवहारतः वञ्चित गरियो । न्याय खोज्दै हिँडेकी जानकीका लागि यही अवस्था सबैभन्दा ठूलो चोट बन्यो,' काका सत्यराजले भने, 'डिभोर्स गर्दा माइतीको बेइज्जत हुन्छ भन्ने उनको मनमा थियो । उनी त्यही गाउँमा श्रीमानको साथ खोजिरहेकी थिइन् । सम्बन्धविच्छेदको मुद्दा सायद उनले सहन सकेनन् । अहिले पनि अदालतमा विचाराधीन छ ।'

उनका अनुसार जानकीको शव जिल्ला अस्पतालमै राखिएको छ । जिल्ला प्रहरी कार्यालयमा मंगलबार आत्महत्या दुरुत्साहनविरुद्ध जाहेरी दिएको उनले बताए । 'उनको श्रीमान् भारतमा छन् । दोषी अगाडि नआउँदासम्म शव नउठाउने अडान लिएका छौँ,' उनले भने ।

# थारु समुदायमा माघी, पहाडी बस्तीमा नरहरिको रौनक

**–नारायण अवस्थी**
**कैलाली, ०१ माघ**



कैलाली र कञ्चनपुरमा थारू बस्ती यतिबेला माघीको रौनकले झकिझकाउ बनेको छ । थारु समुदायको पहिचानसँग जोडिएको माघी उनीहरुको नयाँ वर्षसमेत हो । माघ १ गतेबाट थारू समुदाय राना थारू बाहेकले माघी पर्व अर्थात् माघ १ गतेलाई नयाँ वर्षको रुपमा मनाउने गर्छन् ।

यस्तै सुदूरपश्चिमको पहाडी भेगमा माघ १ गतेलाई नरहरि पर्वका रुपमा मनाउने गरिन्छ । माघ १ गते सूर्य उत्तरायण प्रवेशसँगै थारु समुदायले नयाँ वर्षका रूपमा मनाउने माघी पर्वलाई पहाडी समुदायले नरहरि, माघे संक्रान्तिका रुपमा मनाउँछन् । कैलाली र कञ्चनपुरमा भने माघी र नरहरि संस्कृति, परम्परा र सामुदायिक एकताको उत्सव बनेको कञ्चनपुरको महेन्द्रनगरका जनमेजय जोशीले बताए। उनले कैलाली र कञ्चनपुरको बस्तीहरूमा माघी र नरहरिको रौनक छाएको बताए ।

माघीको बिहानै थारु परिवारहरू नजिकको नदीमा पुगेर स्नान गर्छन् । चिसो मौसमका बाबजुद स्नानपछि पूजा-अर्चना गरी घरका ठूला-बडासँग आशिर्वाद लिने चलनले बस्तीभर आध्यात्मिक माहोल सिर्जना गर्छ । नयाँ वर्ष शुभ होस्, रोग-व्याधि टाढा रहोस् भन्ने कामनासहित थारू समुदायमा पितृ सम्झनामा तिलयुक्त कर्म गर्ने परम्परा रहेको धनगढी-४ का माइला चौधरीले बताए ।

कञ्चनपुरको कृष्णपुरका रामकुमार चौधरीले माघीको दिन दिनभर घरघरमा विशेष परिकार पाक्ने बताएका छन् । उनले यो दिन चामल र मासको दालबाट बनेको खिचडी, माछा, मासु र स्थानीय परिकारले थाल सजिने बताएका छन् । उनले भने, 'थारूको माघीमा पहाडी समुदायको नरहरि मिसिँदा तराईको वातावरण नै उल्लासपूर्ण बनेको छ । थारूको माघीको पहिचान अझै फराकिलो बनेको अनुभूति हुन्छ । पाहुना सत्कार र आपसी भेटघाटले माघी र नरहरिले सामाजिक सम्बन्धलाई थप मजबुत बनाएको छ । पहाडी समुदायमा साँझ पर्नासाथ आँगनमा मुढा बालेर धुनी जगाइन्छ । धुनी वरिपरि भेला भएका परिवारजन र छिमेकीहरू गीत, ठट्टा र पुराना सम्झनामा रमाउँछन् । पहाडी चिसोमा धुनीको न्यानोपनले केवल शरीर मात्र होइन, सम्बन्धलाई पनि न्यानो बनाएको देखिन्छ । माघीका पाँच दिनलाई थारु समुदायले स्वतन्त्रता र आत्मीयताको समयका रूपमा लिने गर्छन् भने पहाडी समुदायले भने उत्तरायण तथा वसन्त ऋतुको आवागमनको रुपमा नरहरि पर्वलाई लिने गर्छन् ।

थारू समुदायमा माघी सामाजिक व्यवस्थापनको दिन पनि हो । यस अवसरमा गाउँका अगुवा, महतो, पुजारी, चौकीदारलगायत वर्षभर जिम्मेवारी वहन गर्ने व्यक्तिहरू आपसी सहमतिमा छनोट गरिन्छ । सहमति नजुटे लोकतान्त्रिक विधिबाट निर्णय गर्ने चलनले थारु समुदायको सामूहिक चेतना र परम्परागत शासन प्रणालीलाई जीवित राखेको छ ।

माघी पर्वले नयाँ पुस्तालाई संस्कार सिकाउने अवसर दिएको छ भने पुराना पुस्तालाई आफ्नो जरा सम्झाउने माध्यम बनेको छ । पहाडी भेगमा मनाइने नरहरी र थारुको माघीको रौनकले कैलाली र कञ्चनपुरका बस्ती उल्लासमय बनेका छन् । जसले संस्कृति केवल भूगोलमा सीमित नभई जहाँ समुदाय बस्छ, त्यहीँ फस्टाउँछ भन्ने सन्देश दिएको छ । यसरी सुदूरपश्चिमका बस्तीमा मनाइने माघी पर्व केवल नयाँ वर्षको उत्सव होइन, पहाड र तराईलाई जोड्ने सांस्कृति पनि बनेको छ ।

थारु समुदायमा माघ १ गतेलाई नयाँ वर्षका रूपमा मनाइने माघी पर्व केवल चाड मात्र नभई सांस्कृतिक पहिचान, सामाजिक एकता र स्वतन्त्रताको अनुभूतिको प्रतीक हो । सूर्य उत्तरायण प्रवेश गर्ने यस पावन दिनदेखि तराईका थारु बस्तीहरूमा पाँच दिनसम्म स्नान, दान, पूजा, खानपिन र रमाइलोका साथ माघी मनाइन्छ ।

माघीको बिहानै थारु समुदायका मानिसहरू नजिकका नदी, पोखरी वा जलाशयमा गई स्नान गर्छन् । स्नानपछि पूजा-अर्चना गरी घरका ठूला-बडासँग आशिर्वाद लिने चलन छ । यो दिनलाई पवित्र र शुभ मानिने भएकाले धेरैले तीर्थ यात्रा गर्ने वा गच्छेअनुसार दीनदुःखीलाई दान गर्ने परम्परा पनि रहेको छ ।

माघीको साँझ घरआँगनमा ठूला मुढा बालेर 'धुनी' जगाइन्छ । धुनीको वरिपरि परिवारका सदस्य र पाहुना भेला भएर खानपिन, गीत-संगीत र र माइलो गर्छन् । यस दिनदेखि पाँच दिनसम्म आफू स्वतन्त्र भएको अनुभूति गर्ने विश्वास थारु समुदायमा छ, जसले माघीलाई सामाजिक र

–बाँकी समाचार पृष्ठ ३ मा

लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेको जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ


डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बाबासिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सर्म्पक नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

# थारु समुदायमा माघी, पहाडी...

मानसिक स्वतन्त्रताको पर्वका रूपमा पनि चिनाउँछ ।

धार्मिक विश्वासअनुसार माघीका दिन श्राद्ध कर्म गर्न विशेष महत्व दिइन्छ। तिलसँग जोडिएका छ प्रकारका कर्म–तिलले स्नान गर्नु, तिलको तेल घस्नु, पितृलाई तिलयुक्त जल दिनु, तिल हवन, तिल दान र तिल खानु–गरेमा जीवनमा असफलता नआउने जनविश्वास छ । तिलको तेल घस्दा शरीरको तापक्रम बढेर जाडो कम हुने वैज्ञानिक मान्यता पनि यससँग जोडिएको छ ।

माघी पर्वको अर्को महत्वपूर्ण पक्ष सामाजिक व्यवस्थापन हो। यसै दिन गाउँका मुखिया, महतो, गुरुबा, पुजारी, धामी, भ्काँक्री, चौकीदारलगायत विभिन्न जिम्मेवारीका पदहरू आपसी सहमति वा लोकतान्त्रिक निर्वाचन प्रक्रियाबाट छनोट गरिन्छ । सहमति नहुने स्थानमा मतदानमार्फत पदाधिकारी चयन गरिन्छ, जसले थारु समुदायको सामूहिक निर्णय र लोकतान्त्रिक अभ्यासलाई उजागर गर्छ ।

खानपिनको हिसाबले माघीमा चामल र मासको दालबाट बनाइएको खिचडी विशेष रूपमा खाने चलन छ । यही कारणले कतिपय स्थानमा माघीलाई 'खिचडी पर्व' पनि भनिन्छ। परम्परागत खानाले चाडलाई अझै आत्मीय र सामुदायिक बनाएको छ ।

यसरी माघी पर्व थारु समुदायका लागि नयाँ वर्षको सुरुवात मात्र होइन, आफ्ना संस्कार, परम्परा र सामाजिक संरचनालाई पुनः स्मरण गर्ने अवसर हो। पुस्तौंदेखि चल्दै आएको यो पर्वले थारु समुदायको पहिचानलाई जीवित राख्दै आपसी सद्भाव र एकतालाई मजबुत बनाउँदै आएको छ ।

माघे संक्रान्तिमा विभिन्न नदी किनार, त्रिवेणी र तीर्थस्थलमा माघी मेला, संक्रान्ति मेला र मकर मेला भनेर मेला लाग्ने गर्छ । कैलालीको गोदावरी, घोडाघोडी कर्णाली चिसापानी, कञ्चनपुरको महाकाली नदी, बम्हदेव, भ्किलमिला, वेदकोट, डडेल्धुराको पर्शुराम धाम, डोटीको बाइसधारा, बैतडीको पुर्चौंडी त्रिवेणीधाम, पञ्चेश्वर, गोकुलेश्वर, दार्चुलाको तपोवन, बभ्काङको विजगडा, तातोपानी लगायतका क्षेत्रमा मकर मेला तथा मकर स्नान गर्ने चलन छ ।

माघीको महत्व हिन्दु, बौद्ध र किराँत धर्ममा समान रुपले रहेको पाइन्छ। यो दिनलाई तीनै धर्मका मानिसले विशेष रुपमा लिने गरेका छन् ।

रमाईलो® तपाईको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

नवजात शिशु एवं बाल रोग विशेषज्ञ डाक्टर नरेश कुमार भेटिने एक मात्र स्थान ।







विशेषज्ञ डाक्टरहरू सौजन्य मेडिकलमा

डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
वरिष्ठ नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार

डा. सुमित पाण्डेय
M.D. डर्मा, वरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार

डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, वरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार

डा. निराजन दत शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार

डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार

सुविधाहरू: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।
सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि ।
-तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

**जिल्ला हुलाक कार्यालय कञ्चनपुर**

---

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन विहान : ७ बजेदेखि ९:३० बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

# स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४

---

**24 HOUR EMERGENCY SERVICE**

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**

***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरु** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझमाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## Dr. Naresh Kumar

**MBBS,MD pediatrics (KGMU, Lucknow)**

***नवजात शिशु तथा बालबालिकाको सम्पूर्ण रोगको उपचार हुने***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरु** : पित्तथैलीको कार्लप्लाडरको पथ्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना प्रकाश (स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार, बच्चेदानीको दूरबीन विधिबाट अपरेशन, महिलाको पिशाब नरुक्ने तथा महिलाको कृत्रिम योनि बनाउने, उच्च कोटिको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरु :**

नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

■ **आर एम एल अस्पताल नयाँ दिल्लीका वरिष्ठ डीएम न्यूरोलोजिस्ट डाक्टर अब मात्र आनन्द हस्पिटल एंड रिसर्च सेंटर खटीमामा।**

***डाक्टर भेटिने : प्रत्येक १५ दिनमा एक पटक शनिवारका दिन उपलब्ध हुने।***

## डॉ. शौकत नज़ीर वानी

MBBS, MD Medicine,
DM Neurology (RML Hospital, New Delhi),
ECFMG (United States) Certified.

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***सुविधाहरु:*** ■एकदमै कम पैसाबाट दूरबीन विधिबाट सबै अपरेशनको सुविधा ।
■ नवजात शिशु एवं बाल रोग विशेषज्ञ डाक्टर नरेश कुमार भेटिने एक मात्र स्थान ।
अन्य सुविधाहरु I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर,बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादक: **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादक: **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादक: **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादक: स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादक:**नृगबहादुर शाह**
कार्यालय: गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोन: ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेल: westnepaldaily@gmail.com, मुद्रक: जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७